"सिरीजङ्गाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ

स्था:२०७३

कोशी प्रदेश,नेपाल

प.स.:-०८२/०८३ मिमि:-२०८२।०७।१७

च.नं. ९८ सूचना नं. ९८

**विषय:-निशुल्क जग्गा प्राप्ती सम्बन्धि सार्वजनिक सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८२।०७।१७**

यस गाउँपालिकाको वडा नं. १ सिनाममा ऐतिहासिक स्थल अर्थात "सिनाम" शब्दको उत्पत्ति स्थल सिनाम ढुंगामा स्मारक निर्माण गर्न जग्गा आवश्याक भएकोले तपशिलमा उल्लेखीत शर्त बमोजिम नि:शुल्क जग्गा उपलब्ध गराउन ईच्छुक ब्याक्ति वा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित मितिको १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र आफुले उपलब्ध गराउन चाहेको जग्गाको विवरण सहितको शिलबन्दी दरखास्त पेश गर्न सूचना प्रकाशित गरिएको छ ।थप जानकारी यस कार्यालयको जिन्शी उपशाखा र राजश्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समय भित्र सम्पर्क राखेर वा यस गाउँपालिकाको वेव पेज:www.sirijanghamun.gov.np बाट समेत लिन सकिनेछ ।

शर्तहरु:

१, नि:शुल्क उपलब्ध गराईने जग्गाको चार किल्ला ,क्षेत्रफल,अवस्थिति देहाय बमोजिम हुनु पर्नेछ ।

देहाय

क) जग्गाको क्षेत्रफल न्यूनतम २-०-०-० रोपनी हुनु पर्ने छ।

ख) सिनाम ढुङ्गाको वरिपरी/आसपासमा अवस्थित हुनु पर्ने छ ।

ग) जग्गा बाढी पहिरो नलाग्ने,सडक र खाने पानीको प्रयाप्त पहँच भएको र विघुत सेवा विस्तार गर्न सहज सम्भावना भएको हुनु पर्ने ।

घ) अधिकतम भिरालो २५ डिग्री मात्र भएको,बजार बस्ती छेउ,सम्भव भए सम्म एकल स्वामित्व भएको, प्रचुर मात्रामा घाम लाग्ने पारिलो जग्गा हुनु पर्ने ।

२, दरखास्त साथ नि:शुल्क उपलब्ध गराईने जग्गाको स्वामित्व जग्गा प्रमाण पुर्जा तथा जग्गा धनीको नेपाली नागरिकताको प्रमाण पत्र /संघ संस्था भए संस्था दर्ता प्रमाण पत्रको स्वप्रमाणीत प्रतिलिपी दरखास्त साथ पेश गर्नु पर्ने छ ।

३, निशुल्क उपलब्ध गराउने गरि दरखास्त पेश हुन आएका जग्गाहरु मध्ये कुन जग्गा प्राप्ती गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

४, दरखास्त पेश गर्ने अन्तिम मिति को दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिनेछ ।

रञ्जीत लावती

नि.प्रमुख प्रशासकीय अधिकृत

sirijangharuralmunicipality@gmail.com
https://sirijanghamun.gov.np
https://www.facebook.com/sirijangha

अध्यक्ष : ९८५२६६०३३१
उपाध्यक्ष : ९८४२७७०८८६
प्र.प्र.अ. : ९८५२६६०३३२
सूचना अधिकारी : ९८६२०६६२३७

CamScanner